सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक २११ ♦ २०८१ साल वैशाख १५ गते शनिवार ♦ 27 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## एकडारा गाउँपालिकाका उपाध्यक्ष खातुनसहित ६ जनाविरूद्ध भ्रष्टाचार मुद्दा



**खबर दर्पण समाचारदाता**

**वैशाख १४ गते, बर्दिवास**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले महोत्तरीको एकडारा गाउँपालिकाका उपाध्यक्ष महजबी खातुन सहित ६ जनाविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

एकडारा गाउँपालिका वडा नं. १ अन्तर्गतका स-साना सडक ढलान गर्नको लागि विनियोजन भएको रकमबाट गुणस्तरहीन कार्य गरी हिनामिना गरेको आरोपमा शुक्रबार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरेको आयोगका प्रवक्ता नरहरि घिमिरले जानकारी दिए ।

आरोपपत्रमा खातुन सहित गाउँपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार सिंह, इन्जिनियर सुभाष पाण्डेय, योजना शाखा प्रमुख ( अधिकृत छैटौं) महेन्द्र कुमार मण्डल, असिस्टेन्ट सव-इन्जिनियर संजय कुमार मंडल र जानकी कन्सट्रक्शनका प्रोपराइटर राकेश कुमार रायलाई प्रतिवादी बनाइएको छ। ८ लाख ६५ हजार १४५ रूपैयाँ बिगोसहित कैद माग गरी मुद्दा दायर गरेको आयोगले जनाएको छ ।

## धनुषामा नौ सय ३१ जनामा हातीपाइले रोग देखा पर्‍यो



**खबर दर्पण समाचारदाता**

**वैशाख १४गते, महेन्द्रनगर**

धनुषा जिल्लामा नौ सय ३१ जनामा हातीपाइले रोग देखा परेको छ। जनस्वास्थ्य कार्यालय धनुषाले गरेको सर्वेक्षणअनुसार जनकपुर उपमहानगरपालिकामा सबैभन्दा बढी हात्तीपाइले रोगका बिरामी रहेका छन् । सर्वेक्षण विवरणअनुसार जनकपुरधाम उपमहानगर पालिकामा दुई सय दुई, धनौजी गाउँपालिकामा नौ, सहिद नगर पालिकामा एक सय १६, मुखियापट्टी गाउँपालिकामा १४, मिथिला विहारी नगरपालिकामा ३६, लक्ष्मीनिया गाउँपालिकामा ३९, नगराइन नगरपालिकामा एक सय ९५, कमला नगर पालिकामा ३४, हड्सपुर नगर पालिकामा एक सय नौ, विदेह नगरपालिकामा ५३, जनकनन्दनी गाउँपालिकामा ६९ तथा औरही गाउँपालिकामा ५५ जनामा हात्तीपाइले रोग देखिएको जिल्ला जनस्वास्थ्य कार्यालयका अधिकृत शिवजी दासले जानकारी दिनुभयो । हात्तीपाइले रोगको रोकथाम तथा

*बाँकी पृष्ठ ३ मा*

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं,
सामाजिक मर्यादाको ख्याल गरौं।

## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौ।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**




## नेपाल राष्ट्र बैंकको अनुरोध

- बैंक तथा वित्तीय संस्थामा खाता खोली मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ जस्ता सेवा प्रयोग गर्दा वा मोबाइल वालेट प्रयोग गर्दा त्यसमा तपाईंको मोबाइल र फोन नम्बर को प्रयोग भएको हुन्छ। त्यसमा तपाईंको खातासम्बन्धी महत्वपूर्ण विवरण जोडिएका हुन्छन् ।
- यदि कुनै कारणवश तपाईंले आफ्नो मोबाइल नम्बर परिवर्तन गर्नुभयो र तपाईंको पुरानो नम्बर अन्य व्यक्तिको प्रयोगमा आयो भने तपाईंको खातासम्बन्धी महत्वपूर्ण विवरणमा अनधिकृत पहुँच पुग्नसक्ने जोखिम हुन्छ ।
- त्यसैले, आफूले प्रयोग गरिरहेको मोबाइल हराएमा वा चोरी भएमा वा मोबाइल नम्बर परिवर्तन भएमा बैंक तथा वित्तीय संस्था वा भुक्तानी सेवा प्रदायक संस्थालाई यथाशीघ्र जानकारी गराउनुपर्दछ ।
- मोबाइल मार्फत वित्तीय सेवाको प्रयोग गर्दा आफ्नै नाममा दर्ता भएको सिमकार्ड र आधिकारिक एप्लिकेशन मात्र प्रयोग गर्नुपर्दछ ।

सजग भई डिजिटल वित्तीय सेवा प्रयोग गरौं

# सपोर्ट नेपाल द्धारा मटिहानीमा आगलागी पीडितहरुलाई राहत वितरण



**खबर दर्पण समाचारदाता**
**वैशाख १५ गते, बर्दिवास**

सपोर्ट नेपालले महोत्तरीको मटिहानी नगरपालिकामा आगलागी पीडितहरुलाई राहत वितरण गरेको छ ।

मटिहानी नगरपालिका वडा नं ६ स्थित जरलहवा वस्तीमा आगलागीबाट पीडित सयभन्दा बढी परिवारलाई राहत वितरण गरिएको हो । सपोर्ट नेपालले झुल, तन्ना, गम्छा, साबुन, सेनिटरी प्याड, मन्जन , ब्रस, ग्लुकोज, बिस्कुट नुन लगायतका राहत सामाग्री वितरण गरेको हो ।

राहत वितरणमा मटिहानीका नगरप्रमुख हरिप्रसाद मण्डल, नगरपालिकाका वडा अध्यक्षहरु, सपोर्ट नेपालका अध्यक्ष रोशना खड्का कर्ण लगायतको उपस्थिति रहेको थियो ।

बुधबार मटिहानी नगरपालिका वडा नं ६ स्थित जरलहवा गाछीमा रहेको स्तीमा भएको आगलागीमा डेढसय भन्दा बढी घर जलेर नष्ट भएका थिए ।

# छोराको हत्या गरी खाटको घर्राभित्र लुकाएकी सरिताकुमारी यसरी परिन् पक्राउ



**खबर दर्पण समाचारदाता**
**वैशाख १५ गते, बर्दिवास**

सिरहामा छोराको हत्या गरेको आरोपमा आमा पक्राउ परेकी छन्।

प्रहरीले सखुवानन्कारकट्टी गाउँपालिका-५ घर भई लहान नगरपालिका-१ मा बस्दै आएकी ३४ वर्षीया सरिताकुमारी साहलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय सिराहाका प्रवक्ता डिएसपी मुक्तिनाथ सापकोटाका अनुसार गत मंगलबार बिहानदेखि सरिताकुमारीको ५ वर्षीय छोरा आयुश बेपत्ता भएका थिए । उनै सरिताकुमारीले छिमेकीसँग आफ्नो छोरो हराएको बताएकी थिइन् । छिमेकीहरूसमेत मिलेर खोज्दा आयुशलाई भेटिएनन् । त्यसपछि प्रहरीलाई उनैले छोरो हराएको भन्दै खोजी दिन आग्रह गरिन् ।

प्रहरीलाई सुरुमै सरिता कुमारीमाथि नै शंका लागेको थियो । सोही शंकाको आधार मा उनकै घरबाट प्रहरीले खोजी कार्य सुरू गरेको थियो । खोजी गर्दा सरिताकुमारी सुत्ने कोठामै आयुश मृत भेटिएको डिएसपी सापकोटाले जानकारी दिए ।

खाटको घर्राभित्र आयुश मृत अवस्थामा भेटिएको हो । त्यसपछि प्रहरीले सरिता कुमारीलाई पक्राउ गरेको हो । बयानमा उनले छोराको हत्या गरेको स्वीकार गरेको डिएसपी सापकोटाले बताए ।

सरिताकुमारीविरूद्ध कर्तव्य ज्यान मुद्दामा सिराहा जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरेर अनुसन्धान अघि बढाएको प्रहरीले जनाएको छ ।






# धनुषामा नौ सय ३१............

जनचेतना फैलाउने विषयमा उक्त कार्यालयद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा अधिकृत दासले हात्तीपाइले रोगका बिरमीको सङ्ख्या बढदै गएको बताउनुभयो । मधेश प्रदेशका चार जिल्लामा हात्तीपाइले रोगविरुद्ध औषधि खुवाउने अभियान सुरु हुने भएको छ । उक्त अभियानअन्तर्गत धनुषामा पनि हात्तीपाइले रोगविरुद्ध औषधि सेवन गराइनेछ । अन्तरक्रिया कार्यक्रममा जनस्वास्थ्य कार्यालयका अधिकृत दासले धनुषामा यही वैशाख १६ गतेदेखि ३० गतेसम्म हात्तीपाइले रोगविरुद्ध औषधि खुवाउने कार्यक्रम रहेको जानकारी दिनुभयो । अभियानअन्तर्गत धनुषामा आठ लाख ६४ हजारलाई औषधि खुवाउने लक्ष्य छ । सो कार्यालयले गत आर्थिक वर्षमा पनि औषधि खुवाउने अभियान सुरु गरेको थियो । ग्रामीण जनसङ्ख्याको तुलनामा सहरी क्षेत्रमा औषधि नखाने दर ३६ प्रतिशतले कम देखिएको उहाँले भन्नुभयो । हात्तीपाइले रोगविरुद्ध औषधि गर्भवती, सुत्केरी तथा गम्भीर किसिमका बिरामीले सेवन गर्न नहुने अधिकृत दासले बताउनुभयो । रासस

# भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृष-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन-**समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट -** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**सिंह -**सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या -** लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला -** समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक -** सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु -** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मकर -**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

# उपनिर्वाचनमा ४८० सेना, ७१० सशस्त्र प्रहरी र १३ सय ६३ जना नेपाल प्रहरी खटाइँदै

**खबर दर्पण समाचारदाता**
**वैशाख ११४ गते, बर्दिवास**

संविधान सभा अध्यक्ष सुवासचन्द्र नेम्वाङको निधनपछि हुन लागेको उपनिर्वाचन अन्तर्गत इलाम क्षेत्र नं २ मा निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ । वैशाख १५ गते शनिवार हुने उपनिर्वाचनका लागि सबै तयारी पूरा भएको मुख्य निर्वाचन अधिकृत केशवप्रसाद घिमिरेले बताए । उनले आफूहरु निर्वाचनको अन्तिम चरणमा रहेको र मतदानको पर्खाइमार रहेको बताए ।

उनले निर्वाचनका लागि मतदान अधिकृत, सुरक्षाकर्मीहरु सबै ठाउँमा खटिसकेको र मतदान केन्द्रहरु पनि निर्माण भइसकेको बताए। उनले मतदानका लागि आवश्यक सामग्री पुगिसकेको बताए। उनले बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म मतदाताहरुले मतदान गर्न पाउने बताए। उनले मतदाताहरु मतदान गर्नका लागि उत्सुक भइ मतदान स्थलहरुमा आउने र त्यहाँको स्थिति नियाल्ने काम गरिरहेको बताए । इलाम क्षेत्र नम्बर २ मा ४२ वटा वडामा मतदान हुनेछ। जसमा ७९ वटा मतदान स्थल, १४९ वटा मतदान केन्द्र रहेका छन्। त्यस्तै १ लाख १५ हजार ८ सय ८९ मतदाता छन् ।उनले सबै मतदाताहरुलाई पुग्ने गरी निर्वाचनका सामग्रीको व्यवस्था गरिसकेको बताए । उनले मतदातालाई निर्भिकतापूर्वक मतदान गर्न पाउने व्यवस्था मिलाएको र सुरक्षित किसिमबाट मतपेटिका गणनास्थलमा लैजाने बताए । उनले भने, 'हामी निर्वाचनको अन्तिम चरणमा छौँ। मतदानको पर्खाइमा छौँ । हाम्रा मतदान अधिकृत, सुरक्षाकर्मीहरु सबै आ–आफ्नो स्थानमा खटिसक्नुभएको छ । मतदान केन्द्रहरु पनि निर्माण भइसकेको छ । लगायत मतदानका लागि आवश्यक सामग्री पुगिसकेको छ । भोलिका लागि निर्धारित समय भनेको बिहान ७ बजेदेखि साँझ ५ बजेसम्म छ ।'

यता इलामा प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले ४२ वटा वडाहरु मतदान हुने र ७९ वटा मतदान स्थल र १४९ वटा मतदान केन्द्रहरुमा रहेको सबै स्थललाई सुरक्षाको वर्गीकरण गरेका गरिएको बताए । उनले सामान्य, संवेदनशील र अति संवेदनशील गरेर तीन स्तरमा वर्गीकरण गरिएको र ४९ वटा मतदान केन्द्र सामान्य, २१ वटा संवेदनशीलमा र १९ वटा अति संवेदनशीलमा रहेको बताए । उनले सामान्य मतदान स्थलमा न्युनतम ८ जना प्रहरी, संवेदनशीलमा ९, अतिसंवेदनशीलमा १२ जना र अन्य सुरक्षाका लागि पनि सुरक्षा गस्ती हुने बताए । नेपाल प्रहरी १३ सय ६३ जना, सशस्त्र प्रहरी बलतर्फ ७१० र नेपाली सेनाको ४८० जना र राष्ट्रिय अनुसन्धान विभागबाट २४ जना गरेर २ हजार ५७७ जना खटिएको बताए ।

मुख्य निर्वाचन अधिकृतको कार्यालयका अनुसार इलाम २ बाट प्रतिनिधि सभा सदस्यका लागि १९ जना उम्मेदवार चुनावी मैदानमा छन् । कार्यालयका अनुसार ७९ मतदानस्थलका १४९ मतदान केन्द्रमा मतदान हुँदैछ । जहाँ ७४५ जना कर्मचारी खटिइसकेका छन्। पुरुष तथा महिलाका लागि अलग-अलग लाइनमा बसेर मतदान गर्न सक्नेगरी व्यवस्थापन गरिएको छ । उनका अनुसार मतदान केन्द्रहरूको नेपाली सेनाको हवाइ गस्तीको प्रवन्ध पनि मिलाइएको छ । ४२ वडा रहेको इलाम २ मा १ लाख १५ हजार ८७९ मतदाता रहेका छन् । यी मतदातामध्ये ४२२ जना नयाँ मतदाता थपिएका हुन् ।


सूचना ॥ सूचना ॥ सूचना ॥

## राष्ट्रिय हात्तीपाईले रोग निवारण २०८१ का लागि आम औषधि सेवनबारे सूचना

**सामान्य जानकारी :** परजीवीबाट संक्रमिक लामखुट्टेको टोकाईबाट सर्ने हात्तीपाईले रोग निवारणका लागि वि.स. २०८१ को आम औषधि सेवन गराउने कार्य तालिम प्राप्त स्वास्थ्यकर्मीबाट सम्पन्न हुदैछ । यस अभियानमा खुवाइने तीन थरि औषधि ( Ivermectin , diethylcabamazine , albendrazole ) ले रोगको उपचार हुनुको साथसाथै रोग लाग्नबाट समेत बचाउने हुनाले यो औषधि सेवन गर्नु आवश्यक छ । यी तिनै औषधीहरि वर्षौंदेखि उपचारको लागि प्रयोगमा आइरहेको र सुरक्षित औषधी हुन् ।

**औषधी खान नहुने समुह :** २ वर्ष नपुगेका बालबालिकाहरु , गर्भवती र ७ दिन सम्मका सुत्केरी , छारे रोगी तथा सिकिस्त बिरामीहरु ।

**औषधी खाने समय :** यो औषधी खाली पेटमा खानु हुदैन । अरु सबै व्यक्तिले स्वास्थ्यकर्मीले भने अनुसार खाना सँगै वा खाना पछी औषधि खानुपर्छ ।

**औषधीका असरहरु :** औषधी सेवन गरे पछी हात्तीपाईले रोगको परजीवी शरीरमा भएमा कसै कसैमा ज्वरो आए जस्तो हुने , टाउको दुख्ने , रिंगटा लाग्ने , वाकवाकी लाग्ने जस्ता सामान्य असर हुन सक्छ। यस्ता असरहरु आफै केहि समयमा ठिक भएर जान्छन । यदि ठिक नभएमा नजिकको स्वास्थ्य संस्थामा जाऔं र जाने सल्लाह दिऔं ।

**औषधि खुवाउने मिति र स्थान : २०८१ वैशाख १६ गतेदेखि सम्पूर्ण वडाहरुमा**





**के तपाईं यस्तो हुन चाहनुहुन्छ यदि होइन भने औषधि अनिवार्य खाऔं र अरुलाई पनि खान प्रोत्साहन गरौं ।**

**जिल्ला स्वास्थ्य कार्यालय**
जलेश्वर , महोत्तरी


# जसपा महाधिवेशन प्रतिनिधि चयन गर्ने निर्देशिकाको मस्यौदा तयार




**खबर दर्पण समाचारदाता**
**वैशाख १४ गते, महेन्द्रनगर**

जनता समाजवादी पार्टी (जसपा)ले महाधिवेशन प्रतिनिधि चयन गर्नका लागि निर्देशिका तयार गरेको छ । पार्टीका कार्यकारिणी सदस्य लालबाबु राउतको नेतृत्वमा गठन भएको कार्यदलले निर्देशिकाको मस्यौदा तयार गरेको हो ।

राउतले शुक्रबार बसेको कार्यकारिणी समितिको बैठकमा सो मस्यौदा पेस गरेका हुन् । कार्यकारिणी सदस्यहरूले मस्यौदा अध्ययन गरेपछि शनिबार पुनः बस्ने बैठकमा मस्यौदामाथि छलफल हुने जसपाका प्रचारप्रसार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिए ।

राउतले प्रस्तुत गरेको मस्यौदामा १ हजार महाधिवेशन प्रतिनिधिको प्रस्ताव गरेका छन्। यस्तै महाधिवेशन प्रतिनिधि कुन कलस्टरबाट कसरी प्रतिनिधि चयन गर्ने लगायतका प्रावधानहरू पनि प्रस्ताव गरिएको छ। प्रस्तावमाथि शनिबार छलफल हुने र त्यसलाई अन्तिम रूप दिने राउतले बताए । जसपाको एकता महाधिवेशन आगामी जेठ २८ देखि ३० गतेसम्म जनकपुरमा हुने भएको छ ।

महाधिवेशनकै लागि संगठित सदस्यहरू पनि टुङ्गो लगाइसकेको छ । जसपाका अनुसार संगठित सदस्य करिब १ लाख ४५ हजार रहेका छन्। ती संगठित सदस्यको बारेमा पनि कार्यकारिणी समितिले छलफल गर्ने बताइएको छ।


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनकपुरधाम उपमहानगरपालिका**



## सर्पको टोकाइबाट बच्ने उपायहरु



सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्राय जसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर | जाने, भुईमा नसुती खाटमा सुत्ने, खाटमा झकुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआंगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घांस दाउरा गर्दा ध्यान पुयाउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौ चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔ, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।

**बर्दिबास नगरपालिका**

# लालगढ कुष्ठरोग अस्पतालमा नयाँ संरचना बन्दै

**रबिन्द्र उप्रेती**

**वैशाख १५ गते, बर्दिवास**



लालगढ कुष्ठरोग असपताल तथा सेवा केन्द्रमा नयाँ संरचना निर्माण हुने भएका छन्। नेपाल लेप्रोसी ट्रष्टद्वारा सञ्चालित अस्पतालको भवन विस्तार कार्यक्रम अन्तर्गत सेवा केन्द्र परिसरमा एकैसाथ सात वटा नयाँ भवन निर्माण तथा तीन वटा पुराना भवनको पुनर्निर्माण गरिने भएको हो।

अस्पतालका सपोर्ट सर्भिसेस म्यानेजर सुमन तामाङका अनुसार नयाँ निर्माण हुने संरचनामा अपरेसन थिएटर, रिसर्च युनिट, आतिथि आवास तथा अतिथि गृह, हाउस किपिङ, चमेनागृह तथा तालिम केन्द्रका लागि नयाँ भवन निर्माण हुन लागेको हो।

नयाँ संरचनाले यस अस्पतालको सेवा सुविधालाई अन्तर्राष्ट्रिय मापदण्डअनुरुप स्तरोन्नति गर्न सहयोग पुग्ने उहाँले बताउनुभयो। अमेरिकी ल्याप्रोसी मिसनमार्फत दातृ निकाय युएसएड-आशा ले वित्तीय सहयोग उपलब्ध गरएपछि नयाँ संरचना थपिन लागेको अस्पताल स्रोतले जनाएको छ।

यसका लागि डाक वढाबढमा काठमाडौं ६ स्थित श्याम सुन्दर नेरिसा जेभीले ९ कडोरमा बोलपत्र कवोल गरेर अस्पतालसँग शुक्रबार ठेक्का सम्झौतासमेत गरिसकेको छ। ठेकेदार कम्पनीका नवराज पहाडीले २४ महिनाभित्र निर्माण सम्पन्न गरेर अस्पताललाई नयाँ भवन हस्तान्तरण गर्ने बताउनुभयो।

कुष्ठरोग निवारणका लागि सन १९९१ मा स्थापना भएको लालगढ अस्पतालले ३३ वर्ष लामो सेवाकालमा नेपाल र भारतका गरेर ४१ हजारभन्दा बढी कुष्ठरोगीको उपचार गरेको छ।

# मटिहानीको आगलागि पीडितलाई राहत वितरण




**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**वैशाख १५ गते, महोत्तरी**

मटिहानीको आगलागि पीडितहरुलाई SAVE THE CHILDREN को सहयोग र मटिहानी नगरपालिका UKAID एवं रतौली युवा क्लबको समन्वयमा राहत वितरण गरिएको छ बुधवार मटिहानी नगरपालिका वडा नम्बर ६ जरलहवा गाछीमा आगो लागि क्षतिग्रस्त क्षेत्रका पीडितहरूलाई राहत वितरण गरिएको हो।

उक्त राहत वितरण महोत्तरी जिल्ला समन्वय एकाइका प्रमुख सुमन लाल कर्ण, मटिहानी नगर पालिकाका नगर प्रमुख हरि प्रसाद मण्डल, नेपाली सेना परिकौली ब्यारकका कर्नेल विशेष पौडेल, सेभ द चिल्ड्रेन बर्दिबास कार्यालयका प्रमुख घना भुसालले गरेका थिए ।

उक्त राहत वितरणमा म्ब्नलष्तथ किट, सरसफाई सामग्री किट, भान्सा घरमा प्रयोग हुने भाडा बर्तन सेट,० देखि २ वर्ष र ३ देखि ५ वर्ष मुनिका बालबालिकाहरूका लागि आवश्यक सामग्रीहरूको किट गरी जम्मा ५० किसिमका सामग्री वितरण गरिएको कुरा रतौली क्लबका प्रमुख बैजनाथ चौधरीले बताए ।

हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं"
हामी प्रतिबद्ध छौ तपाई नी
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी खुवाउने अभियान संचालन हुदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।
प्रहलादकुमार क्षेत्री
नगर प्रमुख
बर्दिवास नगरपालिका
महोत्तरी




हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं"
हामी प्रतिबद्ध छौ तपाई नी
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी खुवाउने अभियान संचालन हुदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।
हरिप्रसाद मण्डल
नगर प्रमुख
मटिहानी नगरपालिका
महोत्तरी




हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं"
हामी प्रतिबद्ध छौ तपाई नी
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी खुवाउने अभियान संचालन हुदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।
राम दुलार साह
नगर प्रमुख
रामगोपालपुर नगरपालिका
रामगोपालपुर, महोत्तरी
मधेश प्रदेश




हात्तीपाईले रोग विरुद्धको औषधी खुवाउने अभियान २०८१
"२ वर्ष उमेर माथिका सबैले औषधी सेवन गरौं,
यो वर्षलाई अव अन्तिम वर्ष बनाऔं"
हामी प्रतिबद्ध छौ तपाई नी
हात्तीपाइले रोगबाट बच्न र बचाउन, यहि मिति २०८१ बैशाख १६ गते देखि हात्तीपाइले विरुद्धको आम औषधी खुवाउने अभियान संचालन हुदैछ । यस अभियानमा नजिकको स्वास्थ्य संस्था, विधालय, कार्यालय तथा आफुलाइ पायक पर्ने टोल छिमेकमा गई स्वास्थ्यकर्मीहरुको प्रत्यक्ष निगरानीमा औषधी सेवन गरी हात्तीपाइले रोग निवारण कार्यक्रम सफल पारौं ।
प्रदीप कुमार खड्का
नगर प्रमुख
औरही नगरपालिका
महोत्तरी




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा